# आरुघाट गाउँपालिका

## स्थानीय राजपत्र

भाग-२ खण्डः ५ संख्या :१०

पारित भएको मितिः २०८०/१०/०५

प्रकाशन मितिः २०८०/१०/०६

# लम्पी स्कीन रोग रोकथाम,नियन्त्रण र राहत सम्बन्धी कार्यबिधि, २०८०

आरुघाट गाउँपालिका, गोरखा

# लम्पी स्कीन रोग रोकथाम,नियन्त्रण र राहत सम्बन्धी कार्यविधि, २०८०

**स्वीकृत मितिः २०८० माघ ५ गते**

**प्रस्तावना :** लम्पी स्कीन रोगलाई प्रभावकारी रुपमा नियन्त्रण,रोकथाम र कृषकहरुमा परेको पशुचौपायको हानी नोक्सानीलाई मध्यनजर राखी राहत सेवा संचालन गर्न वान्छनिय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी आरुघाट गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम **लम्पी स्कीन रोग रोकथाम, नियन्त्रण र राहत सम्बन्धी कार्यविधि, २०८०** हुनेछ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएपश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यालय" भन्नाले आरुघाट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

ख) "गाउँ कार्यपालिका"भन्नाले आरुघाट गाउँपालिका, गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

ग) "प्रमुख" भन्नाले आरुघाट गाउँपालिकाको गाउँपालिका प्रमुखलाई सम्झनु पर्छ ।

घ) "उप प्रमुख " भन्नाले आरुघाट गाउँपालिकाको गाउँपालिका उपप्रमुखलाई सम्झनु पर्छ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

च) "शाखा" भन्नाले आरुघाट गाउँपालिका अन्तर्गत पशु सेवा शाखालाई सम्झनु पर्छ ।

छ) "बिषयगत समिति"भन्नाले गाउँकार्यपालिकाको आर्थिक विकास समिति सम्झनु पर्छ ।

ज) "अनुगमन तथा सिफारिस समिति"भन्नाले यस कार्यविधिको दफा ६ को समिति सम्झनु पर्छ ।

झ) "छनोट समिति" भन्नाले यस कार्यविधिको दफा ८ को समिति सम्झनु पर्छ ।

ञ) "आर्थिक प्रशासन शाखा" भन्नाले आरुघाट गाउँपालिकाको आर्थिक प्रशासन शाखालाई सम्झनु पर्छ ।

## परिच्छेद २
## कार्यक्रमको उद्देश्य

**३. कार्यक्रमको उद्देश्य :** देशभर फैलिएको लम्पी स्कीन रोगले यस गाउँपालिका क्षेत्रभित्र गाईभैसी पालन गर्ने किसानहरुको मृत्यु भएको पशुचौपायको क्षतिलाई न्यूनिकरण गर्न केही राहत उपलब्ध गराउने तथा यस रोगको भावी संक्रमणलाई कम गर्न प्रभावकारी र नतिजामूखी नियन्त्रण रोकथाम र उपचारको लागि संघीय तथा प्रादेशिक सरकार साथै सरोकारवाला निकायहरुसँग समेत समन्वय र सहकार्य गर्ने यस कार्यक्रमको मूख्य उदेश्य रहेको छ ।

## परिच्छेद ३
## लम्पी स्कीन रोगको रोकथाम तथा नियन्त्रण

४. गाउँपालिका क्षेत्रभित्र फैलिएको लम्पी स्कीन रोगलाई रोकथाम तथा नियन्त्रण गर्न स्वीकृत बजेट तथा कार्यक्रमबाट खर्च हुनेगरी संचालन गरिने कार्यक्रमहरु :

(१) सचेतना तथा तालिम कार्यक्रम : गाउँपालिका क्षेत्रभित्रका पशुचौपायमा लम्पी स्कीन रोग विरुद्धको सचेतना तथा तालिम कार्यक्रमहरू संचालन गरिनेछ। जसका लागि सूचना प्रकाशन र प्रसारण गरी कृषकहरूको भेलामा विज्ञहरुद्वारा जानकारीमूलक कार्यक्रमहरु संचालन गरिने छ। सोही कार्यक्रममा पशु चौपायको बिमा गराउन कृषकहरुलाई उत्प्रेरित गराइनेछ ।

(२) खोप कार्यक्रमः गाउँपालिका क्षेत्रभित्रका पशुचौपयामा लम्पी स्कीन रोग विरुद्धको खोप कार्यक्रम संचालन गरिनेछ। जसको लागि देहाय बमोजिमका कार्य गरिनेछ :

(क) लम्पी स्कीन रोग बिरुद्धको आवश्यक मात्रामा खोप खरिद गरिने छ।

(ख) खोप संचालनको लागि आवश्यक लजेष्टिक तथा अन्य आवश्यक सामग्रीहरु खरिद गरिने छ।

(ग) लम्पी स्कीन रोग बाट पशुचौपायहरुलाई सुरक्षित राख्न तथा उक्त रोगको रोकथामको लागि निःशुल्क सघन खोप कार्यक्रम संचालन गरिनेछ।

## परिच्छेद ४

## राहत रकम र समितिहरू

**५. राहत रकमः** (१) लम्पी स्कीन रोग बाट मृत्यु भएका पशुचौपायको हकमा सम्बन्धित कृषकहरुलाई प्रति पशुचौपाय देहाय बमोजिमको राहत रकम उपलब्ध गराइनेछ।

क) उन्नत गाई : रु.१५,०००।- (अक्षरूपी पन्ध्र हजार मात्र)

ख) उन्नत कोरेली : रु.७,०००।- (अक्षरूपी सात हजार मात्र)

ग) गोरु : रु.१०,०००।- (अक्षरूपी दश हजार मात्र)

घ) स्थानीय ब्याउने, दुहेनो गाई : रु.४०००।- (अक्षरूपी चार हजार मात्र)

ङ) स्थानीय कोरेली/बाछा बाच्छी : रु.२०००।- (अक्षरूपी दुई हजार मात्र)

च) ब्याउने,दुहुना भैसी : रु.२०,०००।- (अक्षरूपी बिस हजार मात्र)

छ) थारा भैसी : रु.१०,०००।- (अक्षरूपी दश हजार मात्र)

ज) प्रजननको लागि पालेको राँगो : रु.१५,०००- (अक्षरूपी पन्ध्र हजार मात्र)

(२) राहत रकम बितरणको कार्यविधि तोकिए बमोजिम हुनेछ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि लम्पी स्कीन रोग बाट पशुचौपायको मृत्यु भएको र सो वापतको बिमा कम्पनीबाट क्षतिपूर्ति भुक्तानी पाइसकेका कृषकहरूलाई कुनै किसिमको राहत उपलब्ध गराइने छैन ।

**६.अनुगमन तथा सिफारिस समिति :** (१) लम्पी स्कीन रोग प्रभावित किसानहरू मुल्यांकन तथा सिफारिस गर्नको लागि देहाय बमोजिमको समिति रहनेछ :

(क) आर्थिक विकास समिति संयोजक - संयोजक

(ख) सम्बन्धित वडाको वडाध्यक्ष - सदस्य

(ग) योजना अनुगमन तथा मुल्यांकन शाखा प्रमुख - सदस्य

(घ) सम्बन्धित वडाको पशु प्राबिधिक - सदस्य

(ङ) पशु सेवा शाखा प्रमुख - सदस्य सचिव

(२) समितिले आवश्यक ठानेमा जुनसुकै समयमा बिज्ञ आमन्त्रण गर्न सक्नेछ ।

**७. अनुगमन तथा सिफारिस समितिको काम,कर्तव्य र अधिकार :** अनुगमन तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ :

(क) वडाबाट प्राप्त भएको पशु चौपायको विवरणको सत्य तथ्य छानबिन गर्ने र विवरण तयार गर्ने ।

(ख) लम्पी स्कीन रोगको सम्भावित संक्रमणलाई नियन्त्रण तथा रोकथाम गर्न, खोप कार्यक्रम संचालनको लागि कार्ययोजना बनाउने ।

(ग) किसानहरुको पशु चौपायको क्षतिको मूल्यांकन गर्ने ।

(घ) कार्यपालिकाले तोके बमोजिम अन्य कार्य गर्ने ।

**८. छनोट समिति :** लम्पी स्कीन रोग प्रभावित किसानहरू अन्तिम छनौटको लागि निम्नानुसार समिति रहनेछ :

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) आर्थिक विकास समिति संयोजक - सदस्य

(ङ) योजना अनुगमन तथा मुल्यांकन शाखा प्रमुख - सदस्य

(च) आर्थिक प्रशासन शाखा - सदस्य

(छ) पशु सेवा शाखा प्रमुख - सदस्य सचिव

## परिच्छेद ५

## लाभग्राही छनौट मापदण्ड तथा राहत वितरण प्रक्रिया

**९. लाभग्राही छनौट प्रक्रिया :** लम्पी स्कीन रोगबाट प्रभावित भइ राहत पाउने लाभग्राहीको छनौट देहाय बमोजिम गरिनेछ :

क) पशुमा लम्पी स्कीन रोगको लक्षण देखिनासाथ पशुलाई पशु शाखाका प्राबिधिकद्वारा उपचार गर्नुपर्दछ यदि उपचार नगरी पशुको मृत्यु भएमा राहतमा छनोट गरिने छैन ।

ख) सम्बन्धित किसानले पशु चौपयको मृत्यु भएको बढीमा ३ दिन भित्र सर्जिमन मुचुल्का,मरेको पशुको स्पष्ट देखिने २ प्रति फोटो,नागरिकताको प्रतिलिपि सहित सम्बन्धित वडा कार्यालय वा पशु सेवा शाखामा निवेदन दिनुपर्दछ ।

ग) अनुगमन तथा सिफारिस समितिले प्राप्त भएका निवेदन उपर थप छानविन गर्नेछ। छानविन गर्दा मृत्यु भएको पशुचौपाय गाउँ क्षेत्रभित्रको हो/होइन, मृत्यु भएको पशुचौपाय लम्पी स्कीन रोगको कारण मृत्यु भएको हो/होइन जस्ता बिषयलाई आधार बनाउनु पर्नेछ। सोको लागि आवश्यक ठानेमा छनोट समितिले अन्तिम छनोट गर्नेछ ।

**१०. भुक्तानी सम्बन्धी व्यवस्था :** गाउँ कार्यपालिकाबाट लाभग्राहीको विवरण स्वीकृत भएपश्चात् लाभग्राहीलाई देहाय बमोजिमको प्रक्रिया पूरा गरी भुक्तानी गरिनेछ :

(क) छनोट भएको नामावली प्रकाशन भएपश्चात सम्बन्धित शाखाले आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि सिफारिस गर्ने छ ।

ख) आर्थिक प्रशासन शाखाले नियमानुसार सोझै बैंक खातामा भुक्तानी हुने गरि राहत रकम भुक्तानी गर्ने छ ।

## परिच्छेद ६

## अन्य

**११. झुठा विवरण पेश गर्न नहुने :** यस कार्यविधि बमोजिम राहत पाउन कुनै पनि कृषकले झुठा विवरण पेश गरी राहत पाएको प्रमाणित भएमा सो किसानबाट राहत पाएको रकम सरकारी बाँकी सरह असुल उपर गरि निजलाई गाउँपालिकाबाट कुनै पनि कार्यक्रम उपलब्ध गराइने छैन ।

**१२. संशोधन :** यस कार्यविधिलाई समय सापेक्ष कार्यन्वयन गर्नको लागि गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**१३. बाधा अड्काउ फुकाउन सक्ने :** यस कार्यविधिको कार्यन्वयनका क्रममा कुनै किसिमको द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

**अनुसूची १**

**लम्पी स्कीन रोगबाट प्रभावित किसानले राहत रकम पाउन पेश गर्ने निवेदनको ढाँचा**

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृतज्यु ,
आरुघाट गाउँपालिका, गोरखा

विषयः लम्पी स्कीन रोगको राहत पाउ

महोदय ,
प्रस्तुत विषयका सम्बन्धमा मेरो घर / फर्ममा पालेको .................................................लम्पी स्किन रोगबाट मृत्यु भएकाले यस आरुघाट गाउँपालिकाको लम्पी स्कीन रोग रोकथाम, नियन्त्रण र राहतसम्बन्धी कार्यविधि , २०८० बमोजिम त्यस कार्यालयबाट प्रदान हुने राहत रकम उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु ।

निवेदक
नाम :
ठेगाना :
सम्पर्क न. :

**अनुसूची २**

**<u>लम्पी स्कीन रोगबाट प्रभावित किसानले पेश गर्ने सर्जमिन मुचुल्काको ढाँचा</u>**

लिखितम आरुघाट गाउँपालिका वडा नं..........गोरखा स्थायी बसोबास गर्नु भएका श्री .......................................को छोरा वर्ष...........को श्री ...........................................ले पालन पोषण गर्नुभएको अन्दाजी..........वर्षको पशु चौपाया (गाई/गोरु)हाल नेपाल भरि फैलिएको लम्पी रोग लागि पशु सेवाका प्राबिधिकबाट उपचार गर्दागर्दै मिति............................का दिन यसै आरुघाट गाउँपालिका वडा नं..........को .........................स्थानमा सोहि रोगका कारण मरेको व्यहोरा ठिक साँचो भएको र पछि कुनै किसिमको झुटो ठहरेमा निज पशु पालक किसानले बुझिलिएको अनुदान रकम हामि यस मुचुल्कामा सहि छाप गर्ने व्यक्तिहरुले फिर्ता गरि गाउँपालिका एबं अन्य कुनै पनि सरकारी निकायबाट वितरण गरिने अनुदान लगायत कुनै पनि कार्यक्रम नदिएमा पछि कुनै पनि बाधा बिरोध दर्शाई उजुर गर्ने छैन ।

तपशिल

शाक्षीहरुको नाम दस्तखत नागरिकता नं नागरिकताको प्रमाणित प्रतिलिपि

१ ...............................

२. ...............................

३. ..............................

४. ...............................

५. ..............................

आरुघाट गाउँपालिका वडा नं ..........का वडा अध्यक्ष श्री .......................................यो सर्जमिन मुचुल्का मेरो रोहबरमा भएको व्यहोरा प्रमाणित गरिन्छ ।

प्रमाणित गर्नेः

मितिः

आज्ञाले,

प्रमुख प्रशासकिय अधिकृत